नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा )**

सिंहदरवार ,
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः ०७८/७९ सा.स.सा.सु च.नं. ०९०

मितिः २०७८।०४।१९

श्री जिल्ला समन्वय समिति सबै,
श्री स्थानीय तह सबै,

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा।

प्रस्तुत विषयमा संघीय संसद, प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको पत्र संख्या ०७८/७९, च.नं. १२, मिति २०७८।०४।१४ को पत्र मार्फत प्राप्त सो समितिको मिति २०७८।०४।१४ गते बसेको बैठकको निर्णयहरु(पाना दुई) यसैसाथ संलग्न गरिएको छ।सो सम्बन्धमा समितिको निर्णयानुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ।

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको website मा upload गरिदिनुहुन ।

वन्दना कुमारी के.सी.
शाखा अधिकृत

संघीय संसद
प्रतिनिधि सभा
महिला तथा सामाजिक समिति
(महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग)

संघीय संसद भवन
सिंहदरबार, काठमाडौं ।

प.सं :- ०७८।७९
च.नं :- ९२

मिति: २०७८/०४/१४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषय: **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७८/०४/१४ गते बसेको यस समितिको बैठकको निर्णयहरु यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

............................
(प्रमिला पौडेल गौतम)
शाखा अधिकृत

संघीय संसद
प्रतिनिधि सभा
महिला तथा सामाजिक समिति
बैठक निर्णय ८१

संघीय संसद नेपाल प्रतिनिधि सभा महिला तथा सामाजिक समिति २०७५

मितिः २०७८/०४/१४
प्रारम्भः बिहान ११:१० बजे
अन्त्यः दिनको ०२:०० बजे

समितिको आजको बैठकमा **कोभिड १९ को सन्निकट सम्भावित तेश्रो लहर र बालबालिकामा पर्नसक्ने भनिएको प्रभाव** सम्बन्धी कार्यसूचीमा सचिव - महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सचिव - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक लगायतका पदाधिकारीहरुसँग छलफल भयो । छलफल पश्चात समितिले देहाय बमोजिम निर्देश गर्ने निर्णय भयो :

१. पहिलो र दोश्रो चरणको कोरोना महामारीको तिव्रता, यसको असर एवं व्यवस्थापनगत वा प्रवन्धगत प्रणालीमा देखिएका सुधार गर्नु पर्ने पक्षहरु, अनुभवहरुबाट शिक्षा ग्रहण गर्दै सन्निकट संभाव्य तेश्रो लहरको कोरोना महामारीको प्रभावलाई अधिकतमरुपमा न्यूनीकरण, रोकथामको पहल गर्न एवं यस महामारीलाई सामना गर्न शिघ्रातिशिघ्र पूर्वतयारी सहित परिणामदायी रणनीति बनाउन, आवश्यक भौतीक संरचना एवं उपकरणहरुको शिघ्र व्यवस्थापन गर्न, खोप लगायतका विषयहरुको प्रबन्ध गर्न समिति कोभिड १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समिति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्दछ ।

२. विभिन्न मुलूकहरुमा बालबालिकालाई समेत कोरोनाको खोप लगाई सुरक्षित बनाउने काम भईरहेको अवस्थामा बालबालिकालाई प्रयोग गर्न मिल्ने खोपको शिघ्रातिशिघ्र व्यवस्थापनकालागि आवश्यक सम्पूर्ण पहल गर्न, स्थानिय तह लगायतमा बालबालिका मैत्री क्वारेन्टिन एवं अन्य आवश्यक संरचना शिघ्र निर्माण गर्न, गराउन समितिको यो बैठक कोभिड १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समिति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र समन्वयका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई निर्देश गर्दछ ।

३. कोभिड सामाना गर्न जनस्वास्थ्यकर्मीहरुको प्राथमिक एवं महत्वपूर्ण भूमिका रहन्छ। उपलव्ध बालबालिका सम्वन्धी विशेषज्ञ स्वास्थ्यकर्मीको संख्या अपेक्षितरुपमा न्यून रहेको अवस्थामा अन्य उपलव्ध स्वास्थ्यकर्मीहरुको समुचित र प्रभावकारी व्यवस्थापन गर्न, अनिवार्यरुपले खटाएको स्थानमा सेवा गर्नै पर्ने गरि स्वास्थ्यकर्मी परिचालन गर्न साथै स्थानिय तहमा कार्यरत रहेका स्वास्थ्यकर्मिहरुमा वृत्ति

विकास सम्बन्धी देखिएको दुविधालाई शिघ्र सम्वोधन गरि उच्च मनोवल कायम गराउन समिति कोभिड १९ रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समिति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्दछ ।

४. कोभिड संक्रमण भएका बालबालिकाहरुहरुको उपचारमा कुनै पनि कारणबाट अभाव हुनै नदिन, बालबालिका सम्वन्धी ऐनमा स्थानिय तहमा बाल कल्याण अधिकारी रहने प्रावधानलाई अनिवार्यरुपमा कार्यान्वयनमा ल्याउन साथै कोभिडका कारण अनाथ हुन पुगेका बालबालिकाहरुलाई अनिवार्य एवं व्यवस्थितरुपले संरक्षण प्रदान गर्न, पुर्नस्थापन गर्न समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, तथा जेष्ठ नगारिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्लाई निर्देश गर्दछ ।

५. कोरोना महामारीबाट सुरक्षित रहन लामोसमयदेखि घरभित्र रहेका बालबालिकालाई मनोसामाजिक समस्या आउन सक्छ, आएको हुनसक्छ। यसरी घरभित्र सिमित रहेका बालबालिकाहरुको मनोस्वास्थ्य एवं मनोसामाजिक अवस्थाको हालसम्म अध्ययन गरिएको देखिदैन । दायरा संकुचित भइ रहेका एवं डिजीटल संसारमा सक्रिय रहेका बालबालिकाको समग्र विकासमा परेको प्रभाव लगायत विषयमा तथ्यमूलक अध्ययन हुन आवश्यक देखिएकाले समितिको यो बैठक सो अध्ययनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्लाई निर्देश गर्दछ ।

६. समितिको यो वैठक अर्को सूचना नभए सम्मका लागि स्थगित हुन्छ ।

संघीय संसद नेपाल
प्रतिनिधि सभा
महिला तथा सामाजिक समिति
२०७५